# शान्ति र सुरक्षा कायम गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : मुलुकमा शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम राख्नको लागि सङ्घीय शासन व्यवस्था अनुकूल हुने गरी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "शान्ति सुरक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जिल्ला सुरक्षा समिति" भन्नाले दफा ९ बमोजिमको जिल्ला सुरक्षा समिति सम्झनु पर्छ ।

(ख) "प्रदेश सुरक्षा समिति" भन्नाले दफा ७ बमोजिमको प्रदेश सुरक्षा समिति सम्झनु पर्छ ।

(ग) "प्रमुख जिल्ला अधिकारी" भन्नाले दफा ११ बमोजिम नेपाल सरकारले खटाएको प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले पच्चीस वा सो भन्दा बढी व्यक्तिहरु कुनै सार्वजनिक स्थलमा कुनै खास उद्देश्य पूरा गर्न सङ्गठित वा असङ्गठित रुपमा जम्मा भएको समूह सम्झनु पर्छ ।

(च) "राष्ट्रिय सुरक्षा समिति" भन्नाले दफा ५ बमोजिमको राष्ट्रिय सुरक्षा समिति सम्झनु पर्छ ।

(छ) "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा प्रदेश प्रहरी सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रदेश तथा जिल्ला विभाजन

३. **प्रदेश तथा जिल्ला विभाजन** : मुलुकमा नेपालको संविधानको अनुसूची-४ बमोजिमका प्रदेश तथा जिल्लाहरु रहनेछन् ।

४. **जिल्लाको सिमाना तथा सदरमुकाम** : (१) प्रदेशको सिमानामा असर नपर्ने गरी प्रत्येक जिल्लाको सिमाना र सदरमुकाम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका जिल्लाको सिमाना र सदरमुकाम सोही बमोजिम कायम रहनेछ ।

## परिच्छेद-३

## राष्ट्रिय, प्रदेश तथा जिल्ला सुरक्षा समिति

५. **राष्ट्रिय सुरक्षा समिति** : (१) मुलुकको शान्ति सुरक्षा सम्बन्धमा नीतिगत मार्गदर्शन एवं सुरक्षा निकायहरुको परिचालन तथा समन्वयको लागि देहाय बमोजिमको राष्ट्रिय सुरक्षा समिति रहनेछ :-

(क) नेपाल सरकारको गृहमन्त्री - अध्यक्ष

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) सचिव, रक्षा मन्त्रालय - सदस्य

(घ) बलाधिकृत रथी, नेपाली सेना - सदस्य

(ङ) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी - सदस्य

(च) सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल - सदस्य

(छ) मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग - सदस्य

(ज) सहसचिव, मन्त्रालय - सदस्य-सचिव

(२) राष्ट्रिय सुरक्षा समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) राष्ट्रिय सुरक्षा समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित अधिकारी एवं विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) राष्ट्रिय सुरक्षा समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **राष्ट्रिय सुरक्षा समितिको काम, कर्तव्य र अधिकार** : राष्ट्रिय सुरक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मुलुकको शान्ति र सुरक्षा व्यवस्थापन सम्बन्धी देहायका विषयहरुमा नीतिगत मार्गदर्शन गर्ने :-

(१) शान्ति र सुरक्षा सम्बन्धी नीति, रणनीति तथा योजना तर्जुमा र सुरक्षा निकायको मापदण्ड निर्धारण,

(२) राष्ट्रिय हित प्रतिकूलका क्रियाकलाप सम्बन्धी सूचना सङ्कलन, विश्लेषण र उपयोग,

(३) अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा, सीमाक्षेत्र वा सीमापार अपराध सम्बन्धी,

(४) सुरक्षा निकायहरुबीच समन्वय, सवलीकरण र क्षमता अभिवृद्धि सम्बन्धी ।

(ख) मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता तथा हकहित प्रतिकूल हुने कार्य, हिंसात्मक, पृथकतावादी वा आतंककारी गतिविधि वा विपद्का कारण मुलुकको शान्ति सुरक्षामा गम्भीर सङ्कट उत्पन्न हुन सक्ने वा सुरक्षा चूनौति बढ्न सक्ने अवस्थामा सोको नियन्त्रणका लागि प्रदेश तथा जिल्ला सुरक्षा समितिलाई सूचना आदान प्रदान गर्ने तथा आवश्यक निर्देशन दिने,

(ग) नेपाल सरकार तथा राष्ट्रिय सुरक्षा परिषद्ले दिएको निर्देशन बमोजिमको कार्य गर्ने, गराउने ।

७. **प्रदेश सुरक्षा समिति** : (१) प्रत्येक प्रदेशमा शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा देहाय बमोजिमको प्रदेश सुरक्षा समिति रहनेछ :-

(क) प्रदेशको आन्तरिक मामिला सम्बन्धि विषय हेर्ने मन्त्री - अध्यक्ष

(ख) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालय - सदस्य

(घ) प्रदेश प्रहरी प्रमुख, - सदस्य

(ङ) शान्ति सुरक्षा महाशाखा प्रमुख, प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको धारा २३२ को उपधारा (६) बमोजिम सङ्घीय शासन कायम भएको अवस्थामा मन्त्रालयले प्रदेश सुरक्षा समितिको कार्य गर्नेछ ।

(३) प्रदेश सुरक्षा समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) प्रदेश सुरक्षा समितिको बैठकमा आवश्यकता अनुसार राष्ट्रिय सुरक्षा निकायका प्रदेश स्थित प्रमुख, सम्बन्धित अधिकारी एवं विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) प्रदेश सुरक्षा समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **प्रदेश सुरक्षा समितिको काम, कर्तव्य र अधिकार** : प्रदेश सुरक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रचलित कानून बमोजिम प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने, राख्न लगाउने,

(ख) प्रदेशको आन्तरिक सुरक्षा व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम प्रदेश प्रहरीको परिचालन गर्ने र नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालको मद्दत लिनु पर्ने भएमा मन्त्रालय समक्ष अनुरोध गर्ने,

(ग) प्रदेशभित्रको शान्ति सुरक्षा सम्बन्धी वस्तुस्थितिको यथार्थ जानकारी नियमित रुपमा मन्त्रालय तथा मुख्यमन्त्रीलाई उपलब्ध गराउने,

(घ) सीमावर्ती क्षेत्रमा हुने आपराधिक क्रियाकलापको रोकथाम तथा नियन्त्रण गर्न प्रदेश तथा जिल्लाको प्रशासनिक प्रभावकारिता बढाउन आवश्यक व्यवस्था मिलाउने,

(ङ) असामान्य वा परिस्थितिजन्य सुरक्षा चुनौतीको विश्लेषण गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने र सोको बारेमा तत्काल मन्त्रालयलाई जानकारी गराउने,

(च) हिंसात्मक, पृथकतावादी, आतङ्ककारी वा राष्ट्र विरोधी गतिविधि वा विपद्का कारण प्रदेशको आन्तरिक सुरक्षामा गम्भीर सङ्कट उत्पन्न हुन सक्ने वा सुरक्षा चुनौती थपिन सक्ने अवस्थामा सोको नियन्त्रणका लागि मन्त्रालय समक्ष अनुरोध गर्ने,

(छ) राष्ट्रिय एकता अभिवृद्धि गरी नागरिकबीच मेलमिलाप र आपसी सद्भाव कायम गर्ने,

(ज) नेपाल सरकार, राष्ट्रिय सुरक्षा समिति, मन्त्रालय र सम्बन्धित प्रदेश सरकारले समय समयमा दिएका आदेश तथा निर्देशन बमोजिमको कार्य गर्ने, गराउने ।

९. **जिल्ला सुरक्षा समितिः** (१) प्रत्येक जिल्लामा शान्ति सुव्यवस्था कायम गर्ने सम्बन्धमा देहाय बमोजिमको जिल्ला सुरक्षा समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) नेपाली सेनाको जिल्लास्थित कार्यालयको प्रमुख - सदस्य

(ग) नेपाल प्रहरीको जिल्ला स्थित कार्यालयको प्रमुख - सदस्य

(घ) सशस्त्र प्रहरी बल, नेपालको जिल्ला स्थित कार्यालयको प्रमुख - सदस्य

(ङ) राष्ट्रिय अनुसन्धान विभागको जिल्ला स्थित कार्यालयको प्रमुख- सदस्य

(च) प्रदेश प्रहरीको जिल्ला स्थित प्रमुख - सदस्य

(छ) सहायक प्रमुख जिल्ला अधिकारी -सदस्य-सचिव

(२) जिल्ला सुरक्षा समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) जिल्ला सुरक्षा समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित प्रदेशका अधिकारी एवं विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) जिल्ला सुरक्षा समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **जिल्ला सुरक्षा समितिको काम, कर्तव्य र अधिकार** : जिल्ला सुरक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लाको समग्र शान्ति सुरक्षाको सूचना सङ्कलन तथा विश्लेषण गर्ने,

(ख) जिल्लाको शान्ति सुरक्षा व्यवस्थापन गर्न सुरक्षा रणनीति तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) जिल्लामा शान्ति सुरक्षा कायम गर्न सुरक्षा निकायको परिचालन एवं समन्वय गर्ने,

(घ) नेपाल सरकार, मन्त्रालय, राष्ट्रिय सुरक्षा समितिको नीति, निर्देशन र नियन्त्रणमा रही प्रदेश सुरक्षा समितिले समय समयमा दिएका निर्देशन कार्यान्वयन गर्ने,

(ङ) शान्ति सुरक्षा सम्बन्धी सूचना तथा त्यस सम्बन्धमा भए गरेका निर्णय एवं काम कारबाहीहरुको जानकारी मन्त्रालय, राष्ट्रिय सुरक्षा समिति र प्रदेश सुरक्षा समितिलाई दिने ।

## परिच्छेद-४

## प्रमुख जिल्ला अधिकारी सम्बन्धी व्यवस्था

**११. प्रमुख जिल्ला अधिकारी :** (१) नेपाल सरकारले जिल्लाको शान्ति, सुरक्षा, सुव्यवस्था तथा प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा सङ्घीय निजामती सेवाबाट प्रमुख जिल्ला अधिकारी खटाउनेछ ।

(२) प्रमुख जिल्ला अधिकारीले नेपाल सरकारको प्रतिनिधिको रुपमा जिल्लाको प्रमुख प्रशासकीय अधिकारी भई काम गर्नेछ ।

(३) प्रमुख जिल्ला अधिकारीले नेपाल सरकारको नीति, निर्देशन तथा नियन्त्रणमा रही कार्य सम्पादन गर्नेछ ।

(४) प्रमुख जिल्ला अधिकारीले जिल्ला भित्रको शान्ति सुरक्षाको मामिलामा प्रदेश सरकारको समन्वयमा रही काम गर्नेछ ।

(५) अदालत र रक्षा सम्बन्धी कार्यालय बाहेक जिल्लास्थित सुरक्षा निकाय तथा अन्य कार्यालयहरु प्रमुख जिल्ला अधिकारीको सामान्य रेखदेख र समन्वयमा रहने छन् ।

(६) जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कामको लागि सुरक्षा निकायका जिल्लास्थित प्रमुखले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गर्नु पर्नेछ ।

**१२. जिल्ला प्रशासन कार्यालय तथा कर्मचारी :** (१) प्रत्येक जिल्लाको सदरमुकाममा प्रमुख जिल्ला अधिकारी प्रमुख रहने गरी एक जिल्ला प्रशासन कार्यालय रहनेछ ।

(२) जिल्ला प्रशासन कार्यालयमा सङ्घीय निजामती सेवाका कर्मचारीहरु रहनेछन् ।

तर विशेष अवस्थामा प्रदेश निजामती सेवाका कर्मचारीलाई र स्थानीय सेवाका कर्मचारीलाई समेत कामकाजमा लगाउन सकिनेछ ।

**स्पष्टीकरण :** यस उपदफाको प्रयोजनको लागि 'विशेष अवस्था' भन्नाले निर्वाचन, विपद् वा राष्टि«य महत्व वा सरोकारका अवस्थालाई जनाउ"छ ।

(३) जिल्ला प्रशासन कार्यालयबाट हुने सार्वजनिक सेवा प्रवाह सम्बन्धी कामको लागि नेपाल सरकारले आवश्यकता अनुसार इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालयको स्थापना गर्न वा कुनै निकायलाई तोक्न सक्नेछ ।

## परिच्छेद-५

## शान्ति र सुरक्षा सम्बन्धि व्यवस्था

१३. **शान्ति सुरक्षा कायम गर्ने** : (१) प्रमुख जिल्ला अधिकारीले जिल्लाको शान्ति, सुरक्षा र सुव्यवस्थाको प्रबन्ध मिलाउनेछ ।

(२) प्रमुख जिल्ला अधिकारीले प्रचलित मेला, जात्रा, पर्व तथा सामुहिक भेला हुने कार्यक्रममा सुरक्षाको प्रबन्ध मिलाउनेछ ।

(३) उपदफा (२) बमोजिमका कार्यक्रमबाट शान्ति सुरक्षामा असर पर्ने भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्ता कार्यक्रम सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक लगाउँदा समेत त्यस्तो कार्यक्रम सञ्चालन गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पच्चीस हजार रुपैया“सम्म जरिबाना गरी त्यस्तो कार्यक्रममा रोक लगाउन सुरक्षाकर्मी परिचालन गर्न सक्नेछ ।

(५) प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड विपरित कसैले ध्वनी प्रदुषण हुने गरी लाउड स्पिकर, साउण्ड सिस्टम लगायतका विद्युतीय सामग्री प्रयोग गरी अन्य व्यक्तिलाई असर पर्ने कार्य गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो कार्य तत्काल रोक्न लगाई प्रयोग भएका सामाग्री जफत गर्न वा दश हजार रुपैया“सम्म जरिबाना गर्न वा दुवै सजाय गर्न सक्नेछ ।

(६) मानसिक सन्तुलन गुमाएको व्यक्तिलाई नियन्त्रणमा नराख्दा निजको सुरक्षा वा सार्वजनिक शान्ति सुरक्षामा खतरा उत्पन्न हुने भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई नियन्त्रणमा लिई आवश्यकता अनुसार उपचारका लागि नजिकको स्वास्थ्य संस्थामा वा पुनर्स्थापना केन्द्रमा पठाउन सक्नेछ ।

(७) कुनै जनावरले हिंस्रक रुप लिई आÇनो जिल्लाभित्रको कुनै ठाउ“मा दुःख दिएको जानकारी हुन आएमा प्रमुख जिल्ला अधिकारीले जिल्लाको वन सम्बन्धी विषय हेर्ने कार्यालयलाई त्यस्तो जनावरलाई नियन्त्रणमा लिन वा अन्य आवश्यक कारबाही गर्न लगाउन सक्नेछ ।

(८) यस दफा बमोजिमको कामको लागि प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार जुनसुकै सुरक्षा निकायको परिचालन गर्न सक्नेछ ।

(९) उपदफा (४) र (५) बमोजिमको सजाय पाएको व्यक्तिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१४. **शान्ति सुरक्षा कायम गर्न बल प्रयोग गर्न सक्ने** : (१) कुनै हिंसात्मक काम कारबाही वा हुलदङ्गा हुने आशङ्का भएमा त्यस्तो कार्यलाई रोक्न प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिम बल प्रयोग गर्न सक्नेछ :-

(क) प्रचलित मेला, जात्रा, पर्व, कुनै सभा वा जुलुसको भीडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई शान्ति भ· हुने सम्भावना देखिएमा तत्काल प्रदेश प्रहरी खटाई उक्त कार्य रोक्ने,

(ख) खण्ड (क) बमोजिमको कार्य प्रदेश प्रहरीले मात्र रोक्न वा नियन्त्रण गर्न नसकेकोमा तत्कालै नेपाल प्रहरीलाई परिचालन गर्ने,

(ग) खण्ड (ख) बमोजिम नेपाल प्रहरी परिचालन गर्दा समेत स्थिति नियन्त्रणमा नआएमा सशस्त्र प्रहरी बल, नेपाललाई परिचालन गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम सुरक्षाकर्मी परिचालन गर्दा समेत स्थिति नियन्त्रणमा नआएमा सुरक्षाकर्मीको मद्दतले पानीको फोहरा, लाठी चार्ज, अश्रुग्याँस, हवाई फायर वा आवश्यकता र परिस्थिति अनुसार जो गर्नु पर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने,

(ङ) खण्ड (घ) बमोजिम शान्ति कायम गर्न नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा प्रमुख जिल्ला अधिकारीले सो गर्नु भन्दा अगाडि भीडलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टस“ग सो भीडले बुझ्ने गरी चेतावनी दिन लगाउने र त्यति गर्दा पनि भीड हटेन र गोली चलाउनु पर्ने नै भयो भने मात्र घु“डा मुनि गोली चलाउनको निमित्त आदेश लेखी सही गरीदिनु पर्ने,

(च) जिल्लामा शान्ति सुरक्षा कायम गर्ने क्रममा समयले भ्याएसम्म लिखित र नभ्याएमा मात्र आवश्यकता अनुसार प्रहरी अधिकृतलाई मौखिक आदेश दिने र मौखिक आदेश दिएकोमा बढीमा चौबीस घण्टाभित्र सो आदेशलाई लिखित रुपमा समर्थन गर्ने ।

(२) उपदफा (१) बमोजिम शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा भए गरेका काम कारबाहीको जानकारी प्रमुख जिल्ला अधिकारीले मन्त्रालय र प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयलाई तत्काल दिनु पर्नेछ ।

(३) आफ्नो अधिकार क्षेत्रभित्रको कुनै ठाउ“मा गम्भीर अशान्ति भएमा वा हुने सम्भावना देखिएमा सो ठाउ“मा अशान्ति हुन नदिन वा अशान्ति रोक्न उपलब्ध प्रदेश प्रहरी तथा नेपाल प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई लागेमा सो सम्बन्धी कारण तथा आधार खुलाई निजले नजिकको प्रदेश प्रहरी, नेपाल प्रहरीको इकाई, सशस्त्र प्रहरी बल, नेपाल वा अवस्था अनुसार नेपाली सेनाको मद्दत माग्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मद्दत माग्दा सम्बन्धित प्रदेश प्रहरी वा नेपाल प्रहरीको इकाई र सशस्त्र प्रहरी बल, नेपालको हकमा प्रमुख जिल्ला अधिकारी आफैंले र नेपाली सेनाको हकमा मन्त्रालय मार्फत मद्दत माग गर्नु पर्नेछ र सोको जानकारी निजले मन्त्रालय र प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयलाई चौबीस घण्टाभित्र छिटो माध्यमद्वारा दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम मद्दत माग भएकोमा सम्बन्धित प्रदेश प्रहरी, नेपाल प्रहरीको इकाई, सशस्त्र प्रहरी बल, नेपाल र नेपाली सेनाले तत्काल मद्दत उपलब्ध गराउनु पर्नेछ ।

**१५. <u>एक भन्दा बढी जिल्लाको अशान्ति रोक्न सुरक्षा निकाय परिचालन गर्ने</u>** : (१) एकै प्रदेशको दुई वा दुई भन्दा बढी जिल्लाहरुमा गम्भीर अशान्ति भएमा वा हुने सम्भावना भएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले आवश्यक व्यवस्थाको लागि यथाशीघ्र मन्त्रालय र प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

(२) प्रदेश भित्रको दुई वा दुई भन्दा बढी जिल्लाहरुमा गम्भीर अशान्ति भएको वा हुने सम्भावना भएको जानकारी पाउना साथ मन्त्रालयले प्रभावित जिल्लाहरुमा आवश्यकता अनुसार सुरक्षा निकाय परिचालन गर्न प्रमुख जिल्ला अधिकारीलाइ निर्देशन दिनेछ र त्यस्तो अशान्ति रोक्न वा अशान्ति हुन नदिन प्रदेश प्रहरीको परिचालनबाट मात्र सम्भब छैन भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले नजिकको नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल वा अवस्था अनुसार नेपाली सेनाको मद्दतका लागि मन्त्रालयलाई लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएकोमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाललाई परिचालन गर्न सक्नेछ र सोको जानकारी चौबीस घण्टाभित्र मन्त्रालय र प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम लेखी आएकोमा मन्त्रालयले सुरक्षाकर्मी परिचालनको लागि आवश्यक समन्वय गर्नु पर्नेछ र नेपाली सेना परिचालन गर्नु पर्ने भएमा सोको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) कुनै प्रदेशमा गम्भीर अशान्ति भएको वा हुने सम्भावना देखिएको र सो ठाउ“मा अशान्ति रोक्न अर्को प्रदेशको प्रहरीको सहयोग समेत आवश्यक पर्ने भएमा मन्त्रालयले आवश्यकता अनुसार प्रचलित कानून बमोजिम अन्य प्रदेशको प्रदेश प्रहरी समेत परिचालन गर्ने व्यवस्था मिलाउनेछ ।

१६. **<u>निषेधाज्ञा जारी गर्न सक्ने</u>** : (१) कसैले कुनै काम गर्दा वा केही वस्तु राख्दा वा हटाउ“दा हुलद·ा भई शान्ति सुरक्षा भ· हुने वा सार्वजनिक आवागमनमा बाधा अवरोध पार्ने वा समुदायको हित विपरित हुने वा जनस्वास्थ्य वा वातावरणमा प्रतिकूल असर पर्ने सम्भावना भएमा प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिमको आदेश दिन सक्नेछ :-

(क) कसैलाई कुनै काम गर्न दिनबाट निषेध गर्ने,

(ख) कुनै वस्तु वा सम्पत्तिको स्वामित्व प्राप्त व्यक्ति वा व्यवस्थापकलाई सो वस्तु वा सम्पत्ति सो ठाउ“बाट हटाउन आदेश दिने वा सो ठाउ“मा कुनै काम गर्न निषेध गर्ने ।

(२) उपदफा (१) बमोजिमको आदेश एक पटकमा दुई महिना भन्दा बढी अवधिको हुने छैन ।

(३) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले कसैलाई कुनै आदेश दिँदा सो दिनु पर्ने कारण लेखी सम्बन्धित व्यक्तिको नाममा सूचना पठाउनु पर्नेछ । यसरी सूचना पठाउ“दा सम्बन्धित व्यक्ति फेला परेमा निजलाई दिनु पर्नेछ र फेला नपरेमा नियमित काम नरोकिने गरी प्रचलित कानून बमोजिम सूचना टा“स गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त आदेश पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ र उक्त आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पटकै पिच्छे बढीमा दश हजार रुपैया“सम्म जरिबाना गर्न सक्नेछ ।

(५) कुनै ठाउ“मा हुलद·ा वा अशान्ति भएमा वा हुनसक्ने पर्याप्त आधार भएमा सो परिस्थितिलाई दृष्टिगत गरी प्रमुख जिल्ला अधिकारीले क्षेत्र र समय तोकी सो क्षेत्र र समयमा हुलद·ा वा अशान्ति गर्ने उद्देश्यले मानिस जम्मा हुन नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले दश हजार रुपैया“सम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

१७. **कCर्यू लगाउन सक्ने** : (१) कुनै ठाउ“मा आन्दोलन वा हुलद·ा भई शान्ति सुरक्षा भ· हुन जाने देखिएमा परिस्थितिको विचार गरी प्रमुख जिल्ला अधिकारीले सिमाना तोकी सो ठाउ“मा कसैलाई आवत जावत गर्न, भेला हुन र निजले तोकेको अरु कुनै काम गर्न नपाउने गरी कCर्यू आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कCर्यूको आदेश जारी गर्दा प्रमुख जिल्ला अधिकारीले कCर्यू लाग्ने क्षेत्र र समय तोकिएको आदेश सर्वसाधारण जनताको जानकारीको लागि उक्त क्षेत्रमा प्रचार प्रसार गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कCर्यू आदेश जारी भएपछि निषेध गरिएको स्थान र समयभित्र प्रमुख जिल्ला अधिकारीबाट गोप्य सङ्केत लिएको इजाजत प्राप्त व्यक्ति बाहेक अरु कसैले आवत जावत गर्न हु“दैन ।

(४) कCर्यू आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई सो स्थानमा खटिएको सुरक्षाकर्मीले गिरCतार गरी तुरुन्त प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पर्नेछ । त्यसरी गिरCतार गरिएका व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले तीन महिनासम्म कैद वा दश हजार रुपैया“सम्म जरिबाना वा दुवै सजाय गर्न सक्नेछ ।

(५) कCर्यू आदेश दिँदा प्रमुख जिल्ला अधिकारीले कCर्यूको स्थितिलाई नियन्त्रणमा राख्न कCर्यू तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन सक्ने गरी सो स्थानमा खटिएको सुरक्षाकर्मीलाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम गोली चलाउनु पर्ने स्थिति सृजना भएकोमा गोली चलाउनु अगाडि कCर्यू तोड्ने व्यक्ति वा जमातलाई सो ठाउँमा खटिएको सुरक्षाकर्मीले परिस्थिति अनुसार लाठी चार्ज, अश्रुग्यास, फोहरा वा हवाई फायर गर्नु पर्नेछ र त्यति गर्दा पनि कCर्यू तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टस“ग बुझिने गरी चेतावनी दिनु पर्नेछ । त्यसरी चेतावनी दिँदा पनि कCर्यू तोड्ने व्यक्ति वा जमात हटेन भने सुरक्षाकर्मीले गोली चलाउन सक्नेछ ।

तर यस उपदफामा लेखिएको कुनै कुराले पनि हिंसात्मक प्रवृत्ति देखाई कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई देख्नेवित्तिकै गोली हान्न प्रमुख जिल्ला अधिकारीले आदेश दिन बाधा पुऱ्याएको मानिने छैन ।

(७) यस दफा बमोजिम कर्फ्यू लगाइएको अवस्थामा आवश्यकता अनुसार प्रदेश प्रहरी, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपालका सुरक्षाकर्मीलाई परिचालन गर्न सकिनेछ ।

(८) यस दफा बमोजिम प्रमुख जिल्ला अधिकारीले लगाएको कर्फ्यूको अवधिलाई परिस्थिति अनुसार घटाउँदै लगी स्थिति सामान्य भएपछि पूर्णतया हटाइनेछ ।

(९) प्रमुख जिल्ला अधिकारीले कर्फ्यू आदेश दिएपछि त्यसको जानकारी मन्त्रालय र प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ ।

१८. **दङ्गाग्रस्त क्षेत्र घोषणा गर्न सक्ने** : (१) कुनै क्षेत्रमा जुलुस, भीड वा सङ्गठित समूहले हातहतियार लिई वा नलिई लुटपिट गर्ने, घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने जस्ता हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने स्थिति देखिएमा र यसको रोकथाम सामान्य प्रहरी कारबाहीद्वारा हुन सक्दैन भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले उक्त क्षेत्रलाई दङ्गाग्रस्त घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दङ्गाग्रस्त क्षेत्र घोषणा गरेपछि सो क्षेत्रको शान्ति सुव्यवस्था कायम गर्न प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिमको कुनै वा सबै कारबाही गर्न सक्नेछ :-

(क) त्यस्तो क्षेत्रमा शङ्कास्पद व्यक्तिहरुलाई तत्काल पक्राउ पूर्जी जारी गरी पक्राउ गर्ने र प्रचलित कानून बमोजिम नजरबन्दमा राख्ने,

(ख) त्यस्तो क्षेत्रमा लुटपाट गर्ने तथा घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने वा अन्य किसिमका हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिलाई देख्ने वित्तिकै गोली प्रहार गर्न सक्ने गरी आदेश दिने,

(ग) त्यस्तो क्षेत्रमा कुनै प्रकारको भेला, जुलुस, सभा, बैठक वा प्रदर्शन वा पोष्टर, पर्चा जस्ता प्रचार सामग्री टाँस्न वा लेख्न र सामाजिक सञ्जाल लगायत अन्य विद्युतीय सञ्चार माध्यमबाट उत्तेजना, विद्धेष तथा घृणा फैलाउने गरी हुने प्रकाशन तथा प्रसारण निषेध गर्ने,

(घ) त्यस्तो क्षेत्रमा अत्यावश्यक वस्तु तथा सेवाहरुको आपूर्तिको व्यवस्था मिलाउने, त्यस्ता वस्तु तथा सेवाहरुको सञ्चालन, परिवहन, सञ्चय, बिक्री-वितरणमा नियन्त्रण तथा व्यवस्थापन गर्ने,

(ङ) त्यस्तो क्षेत्रमा शिक्षण संस्था लगायत अन्य संस्था, मनोरञ्जन केन्द्र र कार्यालय बन्द गराउने,

(च) त्यस्तो क्षेत्रमा आवश्यक सेवा सञ्चालन सम्बन्धी प्रचलित कानून बमोजिम कुनै आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने,

(छ) त्यस्तो क्षेत्रमा पा“चजना वा सो भन्दा बढी व्यक्तिहरु जम्मा हुन निषेध गर्ने,

(ज) त्यस्तो क्षेत्रमा कCर्यू लगाउने,

(झ) त्यस्तो क्षेत्रमा उपर्युक्त कार्यहरुको लागि आवश्यक भएमा सशस्त्र प्रहरी बल, नेपाल र मन्त्रालय मार्फत नेपाली सेना समेतको सहयोग लिने ।

(३) प्रमुख जिल्ला अधिकारीले दंगाग्रस्त क्षेत्र घोषणा गरेको जानकारी मन्त्रालय र प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयलाई तत्काल दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम दंगाग्रस्त क्षेत्र घोषणा गर्दा एक पटकमा बढीमा एक महीनासम्मको अवधिका लागि मात्र घोषणा गर्न सकिनेछ र सो अवधि थप गर्नु परेमा प्रमुख जिल्ला अधिकारीले मन्त्रालयको स्वीकृति लिई तीन महिनासम्म थप गर्न सक्नेछ ।

(५) दंगाग्रस्त क्षेत्रमा अवैध हातहतियार एवं खरखजाना राखेको छ भन्ने शङ्का लागेमा प्रमुख जिल्ला अधिकारीको आदेशले त्यस्तो क्षेत्रमा रहेको जुनसुकै व्यक्तिको घर, पसल, कम्पाउण्ड वा गोदाम आदिमा प्रहरी सहायक निरीक्षकसम्म दर्जाका प्रहरी कर्मचारीले खानतलासी गर्न सक्नेछ । यसरी प्रवेश गर्दा सम्बन्धित व्यक्तिलाई सूचना दिई त्यस्तो व्यक्ति तथा उपलब्ध भएसम्म स्थानीय तहको प्रतिनिधि सहित दुई जना स्थानीय व्यक्तिलाई रोहबरमा राखी प्रवेश गर्नु पर्नेछ ।

(६) उपदफा (१) को खण्ड (ङ), (च) वा (छ) उल्लङ्घन गर्ने वा उपदफा (५) बमोजिम खानतलासी लिँदा बाधा विरोध गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले तीन महीनासम्म कैद वा दश हजार रुपैया“सम्म जरिबाना वा दुवै सजाय गर्न सक्नेछ ।

१९. **प्रदेश प्रहरी परिचालन सम्बन्धी व्यवस्था** : (१) यस ऐन बमोजिम प्रदेश प्रहरी परिचालन गर्ने सिलसिलामा प्रमुख जिल्ला अधिकारीले प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयस“ग समन्वय गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा नेपाल प्रहरी र प्रदेश प्रहरीलाई संयुक्त रुपमा परिचालन गरिएकोमा प्रदेश प्रहरीले नेपाल प्रहरीको प्रत्यक्ष नियन्त्रणमा रही काम गर्नु पर्नेछ ।

## परिच्छेद-६

## प्रमुख जिल्ला अधिकारीको अन्य काम, कर्तव्य र अधिकार

२०. **सार्वजनिक सम्पत्तिको रेखदेख, संरक्षण र अनुगमन गर्ने** : सरकारी वा सावर्जनिक सम्पत्तिको रेखदेख, संरक्षण र अनुगमन प्रमुख जिल्ला अधिकारीले गर्नेछ ।

२१. **नेपाल प्रहरी तथा प्रदेश प्रहरीको काम, कारबाहीको निगरानी गर्ने** : (१) प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित नेपाल प्रहरीको कार्यालयहरु ठीक अवस्थामा रहे नरहेको, प्रहरी कर्मचारीहरुले कानून बमोजिम काम कारबाही गरे नगरेको विषयमा आवश्यक जा“चबुझ गरी सो सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) जिल्लास्थित नेपाल प्रहरीको कार्यालयहरुमा कम्तीमा वर्षको दुई पटक अनिवार्य रुपमा निरीक्षण गर्ने र सोको प्रतिवेदन मन्त्रालयमा पठाउने,

(ख) जिल्लास्थित नेपाल प्रहरीका अधिकृतहरुको नेकीवदीको प्रतिवेदन प्रत्येक वर्ष असोज मसान्तमा मन्त्रालयमा पठाउने,

(ग) जिल्लास्थित नेपाल प्रहरी सम्बन्धी कुनै कामको बन्दोवस्त गर्नु पर्ने देखिन आएमा आÇनो राय सहित मन्त्रालयमा लेखी पठाउने,

(घ) जिल्लास्थित नेपाल प्रहरी कर्मचारीले आÇनो कर्तव्य पालना गर्दा कानून विपरीत कार्य गरेको भनी कसैले उजूर गरेमा आवश्यक छानबिन गरी आÇनो सिफारिस एवं राय सहित आवश्यक कारबाहीको लाागि मन्त्रालयमा प्रतिवेदन प्रस्तुत गर्ने ।

(२) प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित प्रदेश प्रहरीको इकाईहरु ठीक अवस्थामा रहे नरहेको, प्रहरी कर्मचारीहरुले कानून बमोजिम काम कारबाही गरे नगरेको विषयमा आवश्यक जा“चबुझ गरी सो सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) जिल्लास्थित प्रदेश प्रहरीको इकाइहरुमा कम्तीमा वर्षको दुई पटक अनिवार्य रुपमा निरीक्षण गर्ने र सोको प्रतिवेदन मन्त्रालय र प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयमा पठाउने,

(ख) जिल्लास्थित प्रदेश प्रहरीको इकाइहरुमा कार्यरत प्रहरी अधिकृतहरुको नेकीवदीको प्रतिवेदन प्रत्येक वर्ष असोज मसान्तमा मन्त्रालय र प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयमा पठाउने,

(ग) जिल्लास्थित प्रदेश प्रहरी सम्बन्धी कुनै कामको बन्दोवस्त गर्नु पर्ने देखिन आएमा आÇनो राय सहित मन्त्रालय र प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयमा लेखी पठाउने,

(घ) जिल्लास्थित प्रदेश प्रहरी कर्मचारीले आÇनो कर्तव्य पालना गर्दा कानून विपरीत कार्य गरेको भनी कसैले उजूर गरेमा आवश्यक छानबिन गरी आÇनो सिफारिस एवं राय सहित आवश्यक कारबाहीको लाागि प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयमा प्रतिवेदन प्रस्तुत गर्ने र सोको जानकारी मन्त्रालयलाई गराउने ।

२२. **अन्य काम, कर्तव्य र अधिकार :** (१) प्रचलित कानून तथा यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख जिल्ला अधिकारीको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लाभित्र सञ्चालन भई रहेका र हुने विकास कार्यहरुको समन्वय, सहयोग र सहजिकरण गर्ने,

(ख) अन्तराष्ट्रिय सीमा सम्बन्धी समकक्षी बैठक र सीमाको नियमित निरीक्षण तथा अनुगमन गर्ने,

(ग) जिल्लाभित्रका कार्यालयहरुबाट प्रवाह हुने सार्वजनिक सेवाको निरीक्षण तथा अनुगमन गर्ने,

(घ) सार्वजनिक सेवा प्रवाह तथा सामाजिक पीरमर्काहरु सम्बन्धी गुनासो तथा उजुरीको सुनुवाई गर्ने,

(ङ) सार्वजनिक असुविधाका विषयहरु सम्बन्धी उजुरीहरुको सुनुवाई गर्ने,

(च) मन्त्रालय तथा नेपाल सरकारले समय समयमा दिएका आदेश वा निर्देशन अनुसार काम कारबाही गर्ने,

(छ) यस ऐन बमोजिम प्रदेश सरकार वा प्रदेशको आन्तरिक मामिला सम्बन्धी हेर्ने मन्त्रालयले शान्ति सुव्यवस्था कायम गर्ने सम्बन्धमा समय समयमा दिएका निर्देशन अनुसार काम कारबाही गर्ने,

(ज) सङ्घीय कानूनले तोकेका अन्य कार्य गर्ने।

(२) प्रमुख जिल्ला अधिकारीले अन्यत्र सरुवा भएर जा"दा वा अन्य कुनै कारणले कार्यालयमा अनुपस्थित हुँदा मन्त्रालय र प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयलाई पूर्व जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद-७

## मुद्दाको अनुसन्धान, दायरी तथा पुनरावेदन

२३. **नेपाल सरकार वादी हुने** : दफा १६, १७ र १८ अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

२४. **मुद्दाको अनुसन्धान र दायरी** : (१) दफा २३ बमोजिमको मुद्दाको अनुसन्धान नेपाल प्रहरीले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धानको कार्य पूरा भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ ।

(३) सम्बन्धित सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा अनुसन्धान अधिकारीले प्रमुख जिल्ला अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(३) उपदफा (३) बमोजिमको मुद्दामा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाइनेछ ।

२५. **पुनरावेदन** : दफा २३ बमोजिमको मुद्दामा प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

## परिच्छेद-८

## विविध

२६. **प्रतिकूल असर नपर्ने**: यस ऐनमा लेखिएको कुनै कुराले देहायको विषयमा कुनै प्रतिकूल असर परेको मानिने छैनः-

(क) नेपालको संविधानको धारा २६६ तथा २६७ बमोजिम हुने विषयमा,

(ख) मुलुकको समग्र शान्ति सुरक्षा कायम राख्ने संघको अधिकार क्षेत्रको प्रयोगको विषयमा ।

२७. **अधिकार प्रत्यायोजन** : (१) यो ऐन वा अन्य प्रचलित कानून बमोजिम नेपाल सरकारमा निहित शान्ति सुरक्षा, प्रहरी प्रशासन र अन्य अधिकारहरुमध्ये आवश्यकता अनुसार केही

अधिकारहरु नेपाल सरकारका सम्बन्धित मन्त्रालयले प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

(२) यो ऐन वा अन्य प्रचलित कानून बमोजिम प्रदेश सरकारमा निहित शान्ति सुरक्षा, प्रहरी प्रशासन र अन्य अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकारहरु प्रदेश सरकारका सम्बन्धित मन्त्रालयले प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

तर नेपालको संविधानको संघ र प्रदेशको साझा अधिकार सूचीभित्र परेका विषयका सम्बन्धमा अधिकार प्रत्यायोजन गर्नु परेमा नेपाल सरकारको सहमतिमा मात्र हुनेछ ।

(३) यो ऐन वा अन्य प्रचलित नेपाल कानून बमोजिम आफूलाई प्राप्त भएको अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकारहरु प्रमुख जिल्ला अधिकारीले आÇनो मातहतको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र यसरी अधिकार प्रत्यायोजन गरेको सूचना मन्त्रालय र प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ ।

तर प्रमुख जिल्ला अधिकारीले आफुलाई प्राप्त मुद्दा हेर्ने अधिकार प्रत्यायोजन गर्न सक्ने छैन ।

२७. **नियम बनाउने अधिकार** : यस ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२८. **खारेजी र बचाउ** : (१) स्थानीय प्रशासन ऐन, २०२८ खारेज गरिएको छ ।

(२) स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम भए गरेका काम, कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।